# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया, माघ ३ गते, २०७८ साल

### भाग-२

**गुलरिया नगरपालिकानगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७८/१०/०३ मा जारि गरेको कार्यविधि/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

संवत २०७८ सालको कार्यविधि न. ०३

**असहाय बालवालिकालाई सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०७८**

आज्ञाले

प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# असहाय बालवालिकालाई सहायता प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७८

कार्यपालिकाबाट पारित मिति : २०७८।१०।०३

प्रस्तावना :
गुलरिया नगरपालिका क्षेत्रमा वसोवास गर्ने असहाय बालबालिकाहरुको संरक्षण, व्यवस्थापन, लालनपालन, शिक्षादीक्षा, रेखदेखका लागी आर्थिक सहायता प्रदान गर्ने प्रयोजनार्थ आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकाले स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस कार्यविधिको नाम "असहाय वालवालिकालाई सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०७८" रहेको छ।
(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्वन्धि ऐन, २०७५ लाई सम्झनुपर्दछ।
(ख) "कार्यपालिका" भन्नाले गुलरिया नगरकार्यपालिका लाई सम्झनुपर्दछ।
(ग) "वडा समिति" भन्नाले गुलरिया नगरपालिकाको वडा समिति लाई सम्झनुपर्दछ।
(घ) "वालवालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गुलरिया नगरपालिकाका व्यक्तिलाई सम्झनुपर्दछ।
(ङ) "असहाय वालवालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका दफा ४ वमोजिमका बालवालिका सम्झनुपर्दछ।

Scanned with CamScanner

## परिच्छेद २
## आर्थिक सहायता व्यवस्थापन प्रक्रिया

**३. आर्थिक सहायता प्रदानको उद्देश्य :** (१) असहाय बालवालिकाहरुलाई आर्थिक सहायता प्रदान गर्नुको उद्देश्य देहायवमोजिम हुनेछ :

(क) असहाय, अशक्त, टुहुरा बालवालिकाहरुको संरक्षणको दायित्व स्थानीय तहको रहेको,

(ख) असहाय बालवालिकाहरुको शिक्षादीक्षा, लालनपालनमा सहायता पुग्ने,

(ग) राज्य तथा सरकारप्रति बालवालिकाहरुले अपनत्व वोध गर्ने,

(घ) असहाय हुनुको पिडावोध कम गराउन सहायता पुग्ने,

(ङ) असहाय बालवालिकाहरुलाई लागुपदार्थको दुर्व्यसन, कुलत, बलात्कार जस्ता अपराधवाट जोगाउन सहायता पुग्ने,

(च) विद्यार्थीहरुको विद्यालय छोड्ने दरलाई न्युनिकरण गर्न सघाउ पुऱ्याउने

(छ) संविधानले सुनिश्चित गरेको अनिवार्य माध्यामिक तहसम्मको शिक्षामा टेवा पुग्ने

**४. असहाय बालवालिका छनौटको आधार :** (१) असहाय बालवालिका छनौटको आधार देहायवमोजिम हुनेछ ।

(क) विभिन्न कारणले बुवा वा आमा गुमाएका बालवालिकाहरु,

(ख) बुवा र आमाको सम्वन्धविच्छेद पश्चात अलपत्र परेका बालवालिकाहरु,

(ग) बुवा वा आमाले दोस्रो विवाह वा अलग अलग छुटिई वसे पश्चात अलपत्रमा परेका बालवालिकाहरु,

(घ) नजिकका आफन्त, नातेदार तथा अन्य व्यक्तिवाट बलात्कृत भई वेसहारा हुन पुगेका बालवालिकाहरु,

(ङ) प्राकृतिक प्रकोप तथा अन्य विपत्तीवाट घरवारविहिन हुन पुगेका परिवारका बालवालिकाहरु,

(च) आर्थिक रुपले विपन्न अन्य बालवालिकाहरु,

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (क), (ख), (ग), (घ) र (ङ) वमोजिम योग्य बालवालिकाहरु आर्थिक रुपले विपन्न हुनुपर्नेछ । साथै ५ वर्ष उमेर पुरा भएका बालवालिकाहरु नियमित विद्यालय अध्ययन गरिरहेको हुनुपर्नेछ ।

Scanned with CamScanner

५. असहाय बालबालिका छनौट प्रकिया : (१) असहाय बालबालिकाको नजिको नातेदार/संरक्षक/लालनपालनकर्ता ले अनुसुची १ बमोजिमको ढाँचामा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।
(२) वडा अध्यक्षले आवश्यक छानबिन गरी पुष्टि गर्ने प्रमाणसहित आर्थिक रुपले विपन्न हो भनि वडा समितिबाट निर्णय गर्नुपर्नेछ ।
(३) वडा कार्यालयबाट प्राप्त कागजातको आधारमा कार्यपालिकाबाट निर्णय भएपश्चात आर्थिक सहायता प्रदान गरिनेछ ।

६. आर्थिक सहायता रकम : (१) असहाय बालबालिकालाई देहायको दरमा आर्थिक सहायता रकम प्रदान गरिनेछ :
(क) पाँच वर्ष मुनिका बालबालिकाहरुलाई मासिक रु चार सयका दरले बार्षिक रु चार हजार आठ सय ।
(ख) पाँच देखी दश वर्ष मुनिका बालबालिकाहरुलाई मासिक रु छ सयका दरले बार्षिक रु सात हजार दुई सय ।
(ख) दश वर्ष देखी पन्ध्र वर्ष मुनिका बालबालिकाहरुलाई मासिक रु आठ सयका दरले बार्षिक रु नौ हजार छ सय ।
(ग) पन्ध्र वर्ष देखी अठार वर्ष मुनिका बालबालिकाहरुलाई मासिक रु एक हजारका दरले बार्षिक रु बाह्र हजार ।

७. आर्थिक सहायता भुक्तानी प्रक्रिया : (१) आर्थिक सहायता बापतको रकम चौमासिक रुपमा वर्षमा तीन पटक भुक्तानी गरिनेछ ।
(२) असहाय बालबालिका र निजको नजिकको संरक्षकको नाममा खोलिएको बैंक खाता मार्फत रकम भुक्तानी दिईनेछ ।
(३) वडा कार्यालयमा निवेदन दर्ता भएको मितिदेखी सुविधा उपलब्ध गराईनेछ ।

## परिच्छेद ३
## विविध

८. नविकरण गर्नुपर्ने : (१) वडा कार्यालयले प्रत्येक वर्षको श्रावण मसान्त भित्र असहाय बालबालिकाहरुको विवरण नविकरण गरि नगरकार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।
(२) नविकरणको जानकारीको साथसाथै निज अहसाय बालबालिकाले विद्यालय अध्ययन गरे नगरेको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

Scanned with CamScanner

९. **अभिलेख राख्नुपर्ने** : (१) वडा कार्यालयले यस कार्यविधि वमोजिम सुविधा प्राप्त गर्ने वालवालिकाहरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेछ । साथै उक्त अभिलेख विवरण नगरपालिकाको वेभसाईट मार्फत नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

१०. **खाता रोक्का तथा भैपरी व्यवस्थापन** : (१) यस कार्यविधि वमोजिम उपलव्ध गराइएको रकम दुरुपयोग भएको भनि लिखित वा मौखिक उजुरी आएमा तत्काल वडा कार्यालय मार्फत वैंक खाता रोक्का गरिनेछ ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि वुवा वा आमा वा नजिकका नातेदारको नागरिकता नभएको असहाय वालवालिकाको हकमा वडा अध्यक्ष संरक्षक हुनेछ । साथै यस्तै प्रकृतिका अन्य भत्ता तथा सुविधा पाईरहेका असहाय वालवालिकालाई यस कार्यविधि वमोजिमको भत्ता उपलव्ध गराईने छैन ।

११. **कारवाही गर्न वाधा नहुने** : यस कार्यविधि विपरित सिफारिस गर्ने वडा अध्यक्ष तथा वडा समितिका पदाधिकारीलाई कानुन वमोजिम कारवाही गर्न यस कार्यविधिले वाधा पुर्‍याएको मानिने छैन ।

१२. **बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार** : यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्धुविधा उत्पन्न भएमा वा कुनै वाधा अड्काउ आईपरेमा वा कुनै संशोधन गर्नुपरेमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

Scanned with CamScanner

अनुसुची १
दफा ५ को उपदफा १ सँग सम्बन्धित
निवेदनको ढाँचा

मिति :

श्रीमान वडा अध्यक्ष ज्यू
..........................वडा कार्यालय,
..........................गुलरिया, वर्दिया ।

विषय : असहाय बालवालिका आर्थिक सहायता उपलब्ध गराई पाउँ ।

महोदय,
उपरोक्त सम्बन्धमा म तपशील बमोजिमको कारण तपशीलको मिति देखी असहाय बालवालिका हुन पुगेकोले गुलरिया नगरपालिका मार्फत उपलब्ध हुने असहाय बालवालिका आर्थिक सहायता उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

तपशील :
कारण :..........................
अवधि : .......................... देखी

निवेदक
दस्तखत :
नाम
:..........................
ठेगाना :..........................
शिक्षा
:..........................

नजिकको नातेदार/संरक्षक/लालनपालनकर्ता
दस्तखत :
नाम :..........................
ठेगाना :..........................
नाता :..........................

संलग्न कागजातहरु :
१. असहाय बालवालिकाको जन्मदर्ता
२. नजिको नातेदार/संरक्षक/लालनपालनकर्ताको नागरिकताको प्रतिलिपि
३. नाता प्रमाणित/संरक्षक प्रमाणित कागजात
४. पाँच वर्ष माथिको बालवालिकाको हकमा विद्यालय अध्ययन गरिरहेको प्रमाण

Scanned with CamScanner

५. असहाय हुनुको कारण तथा प्रमाणित कागजात

निवेदक बालक/बालिका ले पेश गरेको विवरण ठीक साँचो हो, साथै निज आर्थिक रुपमा समेत विपन्न रहेको प्रमाणित गर्दछु।

दस्तखत :

नाम :

पद : वडा अध्यक्ष, वडा नं. .........

Scanned with CamScanner